Siddhartha Bank Ltd.
Head Office
Naxal, Kathmandu, Nepal
P.O.Box: 13806
Phone: +977 1 5970720
info@sbl.com.np
SWIFT:SIDDNPKA
www.siddharthabank.com

**Siddhartha**Bank

376526

च.नं. :44/SH/081/82

मिति: २०८१/०९/०५

श्री नेपाल राष्ट्र बैंक,
बैंक तथा वित्तीय संस्था नियमन विभाग,
बालुवाटार, काठमाडौं ।

श्री नेपाल राष्ट्र बैंक,
बैंक तथा वित्तीय संस्था सुपरिवेक्षण विभाग,
दरबारमार्ग, काठमाडौं ।

श्री नेपाल राष्ट्र बैंक,
भुक्तानी प्रणाली विभाग,
बालुवाटार, काठमाडौं ।

श्री कम्पनी रजिष्ट्रारको कार्यालय,
त्रिपुरेश्वर, काठमाडौं

श्री नेपाल धितोपत्र बोर्ड,
खुमलटार, ललितपुर ।

श्री नेपाल स्टक एक्सचेन्ज लिमिटेड,
सिंहदरबार प्लाजा, काठमाडौं ।

श्री सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेड,
पुतलीसडक, काठमाडौं ।

**विषय: वार्षिक साधारण सभा सम्बन्धमा ।**

महोदय,
उपरोक्त सम्बन्धमा, यस बैंकको सञ्चालक समितिको मिति २०८१ साल पौष ०५ गते शुक्रबार, (तद्अनुसार २० डिसेम्बर, २०२४), दिनको ३:०० बजे देखि साँझ ५:३० बजेसम्म बसेको ४४०औं बैठकको निर्णय अनुसार मिति २०८१/०९/२८ गते हुने तेईसौं वार्षिक साधारण सभा सम्बन्धमा देहाय बमोजिम निर्णय भएको व्यहोरा अनुरोध छ ।

**साधारण सभा हुने मिति, समय र स्थान :**

| | | |
|---|---|---|
| मिति | : | २०८१ साल पौष २८ गते, आईतबार (तद्नुसार १२ जनवरी, २०२५) । |
| स्थान | : | आर्मी अफिसर्स क्लब, भद्रकाली, काठमाडौं । |
| सभा शुरु हुने समय | : | बिहान १०:३० बजे (उपस्थिति पुस्तिका बिहान ९:३० बजे देखि नै खुल्ला राखिने छ ।) |

**छलफलका विषयहरु :**

(क) **सामान्य प्रस्ताव**

१. आर्थिक वर्ष २०८०/८१ को सञ्चालक समितिको २३ औं वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।

२. लेखापरीक्षकको प्रतिवेदन सहित २०८१ आषाढ मसान्तको वित्तीय अवस्थाको विवरण र मिति २०८० श्रावण १ देखि २०८१ आषाढ मसान्त सम्मको नाफा नोक्सान विवरण, सोही अवधीको नगद प्रवाह विवरण, स्वपुँजी (इक्विटी) मा भएको परिवर्तनको विवरण र तत् सम्बन्धी अनुसूचीहरु पारित गर्ने ।

३. यस बैंकको सहायक कम्पनी "सिद्धार्थ क्यापिटल लिमिटेड." को आ.व. २०८०/८१ को वित्तीय विवरण सहितको बैंकको एकीकृत वित्तीय विवरण (Consolidated Financial Statement ) छलफल गरी पारित गर्ने ।

४. कम्पनी ऐन, २०६३ को दफा १११ तथा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ६३ बमोजिम बैंकको लेखापरीक्षण समितिको सिफारिस बमोजिम आर्थिक वर्ष २०८१/८२ को लागि बाह्य लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक तोक्ने । (कम्पनी ऐन २०६३ को दफा १११ (३) बमोजिम बहालवाला लेखापरीक्षक श्री एस.ए.आर.एसोसिएट्स, चार्टड एकाउण्टेण्ट्स पुनः नियुक्त हुन योग्य हुनुहुन्छ ।)

Excellence in Driving Innovation
Awarded by: VISA
Best Operation Bank South Asia 2021
SiddharthaBank Awarded by: IFC International Finance Corporation WORLD BANK GROUP
Creating Markets, Creating Opportunities
"A" Class Institution Licensed by Nepal Rastra Bank

Siddhartha Bank Ltd.
Head Office
Naxal, Kathmandu, Nepal
P.O.Box: 13806
Phone: +977 1 5970720
info@sbl.com.np
SWIFT:SIDDNPKA
www.siddharthabank.com

376527

५. बैंकको चुक्ता पूँजी रु. १४,०८,९९,८०,१८५/- (अक्षरेपी चौध अर्ब आठ करोड उनानसय लाख असी हजार एक सय पचासी रुपैंया मात्र) को ४ प्रतिशतका दरले हुने रु. ५६,३५,९९,२०८/- (छपन्न करोड पैतीस लाख उनान्सय हजार दुई सय आठ मात्र) नगद लाभांश (कर प्रयोजनका लागि समेत) वितरण गर्न स्वीकृत गर्ने ।

६. बैंकको नियमावलीको नियम ८ बमोजिम आगामी ४ वर्षे कार्यकालको लागि बैंकको संस्थापक शेयरधनी समुहको तर्फबाट सञ्चालक समितिमा प्रतिनिधित्व गर्ने तीन (३) जना तथा सर्वसाधारण शेयरधनी समुहको तर्फबाट प्रतिनिधित्व गर्ने दुई (२) जना गरी जम्मा पाँच (५) जना सञ्चालकहरुको निर्वाचन गर्ने ।

(ख) **विशेष प्रस्ताव**

१. सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम तोकिएको व्यवस्था तथा शर्तहरु सहित प्रति शेयर रु. १०० का दरले रु ३ अर्ब ५० करोड रुपैंया बराबरको "एसबिएल ८.२५% अविमोच्य असञ्चिति अग्राधिकार शेयर" (SBL 8.25% Perpetual Non Cumulative Preference Share) सम्बन्धित नियमनकारी निकायको स्विकृती पश्चात् जारी गर्ने प्रस्ताव पारित गर्ने ।

२. अविमोच्य असञ्चिति अग्राधिकार शेयर जारी भए पश्चात् बैंकको पूँजी वृद्धि गर्नुपर्ने भएकोले बैंकको हालको अधिकृत पूँजी रु. १६,००,००,००,०००/- (अक्षरेपी सोह्र अर्ब मात्र) रहेकोमा सोलाई वृद्धि गरी रु. २०,००,००,००,०००/-(अक्षरेपी बीस अर्ब मात्र ) पुऱ्याउने प्रस्ताव पारित गर्ने ।

३. अविमोच्य असञ्चिति अग्राधिकार शेयर जारी भए पश्चात् बैंकको हाल कायम जारी पूँजी रु. १४,०८,९९,८०,१८५/- (अक्षरेपी चौध अर्ब आठ करोड उनानसय लाख असी हजार एक सय पचासी रुपैंया मात्र) लाई वृद्धि गरी रु. १७,५८,९९,८०,१८५/- (अक्षरेपी सत्र अर्ब अन्ठाउन्न करोड उनानसय लाख असी हजार एक सय पचासी रुपैंया मात्र) पुऱ्याउने प्रस्ताव पारित गर्ने ।

४. अविमोच्य असञ्चिति अग्राधिकार शेयर जारी भए पश्चात् बैंकको हाल कायम चुक्ता पूँजी रु. १४,०८,९९,८०,१८५/- (अक्षरेपी चौध अर्ब आठ करोड उनानसय लाख असी हजार एक सय पचासी रुपैंया मात्र) लाई वृद्धि गरी रु. १७,५८,९९,८०,१८५/- (अक्षरेपी सत्र अर्ब अन्ठाउन्न करोड उनानसय लाख असी हजार एक सय पचासी रुपैंया मात्र) पुऱ्याउने प्रस्ताव पारित गर्ने ।

५. अविमोच्य असञ्चिति अग्राधिकार शेयर जारी गर्ने प्रयोजनका लागि प्रबन्धपत्र तथा नियमावलीमा रहेको विद्यमान व्यवस्थामा आवश्यक थप संशोधन/परिमार्जन गर्ने ।

६. सञ्चालकको भत्ता तथा सुविधामा थप तथा हेरफेर र सो बमोजिम बैंकको नियमावलीमा सामयिक संशोधन गर्ने ।

७. माथि प्रस्ताव गरिए बमोजिम प्रबन्धपत्र र नियमावलीमा संशोधन, अविमोच्य असञ्चिति अग्राधिकार शेयर जारी/दर्ता/सूचीकरण गर्ने लगायत सोसँग सम्बन्धित कार्यहरु स्वीकृती र अभिलेखका क्रममा नेपाल राष्ट्र बैंक, कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल धितोपत्र बोर्ड लगायतका नियमनकारी निकायहरुबाट कुनै विषय, शर्तहरु लगायतमा संशोधन/फेरबदल गर्न निर्देशन सुझाव प्राप्त भएमा सोही बमोजिम थपघट, परिमार्जन, संशोधन, भाषागत लगायतका अन्य सुधार समेत गर्नका लागि सञ्चालक समिति वा सञ्चालक समितिले तोकेको पदाधिकारीलाई अख्तियारी प्रत्यायोजन गर्ने ।

८. बैंकले आ.व. २०८०/८१ मा संस्थागत सामाजिक उत्तरदायित्व वहन गर्ने क्रममा आर्थिक सहायता प्रदान गर्दा कम्पनी ऐनको दफा १०५ (१) (ग) ले निर्धारण गरेको सीमाभन्दा बढी भएको खर्चलाई अनुमोदन गर्ने ।

(ग) **विविध**

भवदीय,

SiddharthaBank

..............

लक्ष्मण घिमिरे
कम्पनी सचिव

Excellence in Driving Innovation
Awarded by: VISA
Best Operation Bank South Asia 2021
Awarded by: IFC International Finance Corporation WORLD BANK GROUP
Creating Markets, Creating Opportunities
"A" Class Institution Licensed by Nepal Rastra Bank